# स्थानीय राजपत्र

| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ………… |

भाग २

अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अर्जुनचौपारी गाउँपालिकाको सामुदायिक विद्यालयहरुको बार्षिकउत्सव मनाउने सम्वन्धी कार्यविधि, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७९/११/१४

**प्रस्तावनाः** सामान्य अर्थमा समुदायकै पहलमा स्थापना गरी तिनकै रेखदेखमा सञ्चालन गरिने विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ । सामुदायिक विद्यालयमा राज्य संयन्त्रको ठूलो लगानी छ, हरेक वर्ष वार्षिक बजेटको १० देखि १५ प्रतिशत अंश शैक्षिक क्षेत्रले पाएको छ । राज्यले देशका सबै क्षेत्रमा प्राविधिक शिक्षाको विकासका लागि सामुदायिक विद्यालयहरुलाई प्राविधिक विद्यालयको रुपमा विकास गरी सस्तो शुल्कमा गरीब र निमुखा जनताका छोराछोरीलाई स्तरीय प्राविधिक शिक्षा उपलब्ध गराउने लक्ष्य लिएको छ । अर्जुनचौपारी गाउँपालिकाको सामुदायिक विद्यालयहरुको बार्षिक उत्सव मनाउने सम्बन्धी कार्यविधि, २०७९ तयार गरी स्वीकृत गरेको छ ।

**१. नाम र प्रारम्भः**

क. यो कार्यविधिको नामः अर्जुनचौपारी गाउँपालिकाको सामुदायिक विद्यालयहरुको बार्षिकउत्सव मनाउने सम्वन्धी कार्यविधि, २०७९ रहनेछ ।

ख. यो कार्यविधि अर्जुनचौपारी गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागू हुनेछ ।

२."**परिभाषा** " – विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष " भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(ख) "वडाध्यक्ष " भन्नाले अर्जुनचौपारी गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ङ) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई जनाउँछ ।

(च) "कार्यपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

**३.उद्धेश्य** : सामुदायिक विद्यालयहरुको बार्षिकउत्सव मनाउने सम्वन्धी कार्यविधि, २०७९ को मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन् ।

(क) सामुदायिक विद्यालयहरुले बार्षिक उत्सव कार्यक्रम सञ्चालनमा अनावश्यक खर्च गर्ने गरेको हुँदा उक्त अनावश्यक खर्च कम गर्ने ।

**४. बार्षिकउत्सव कार्यक्रममा अतिथि/विशिष्ट अतिथि सम्बन्धी व्यवस्थाः**

१. मा.वि (१-१२) हरुले प्रमुख अतिथि/ विशिष्ट अतिथिको रुपमा गाउँपालिका अध्यक्षलाई निमन्त्रणा गर्न सक्ने छन् ।
२. कक्षा (१-१०) हरुले प्रमुख अतिथि/विशिष्ट अतिथिको रुपमा गाउँपालिका उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतलाई निमन्त्रणा गर्न सक्ने छन् ।
३. आ.वि (१-३,१-५) हरुले प्रमुख अतिथि/विशिष्ट अतिथिको रुपमा वडा अध्यक्ष/ शिक्षा शाखाका कर्ममचारीलाई निमन्त्रणा गर्न सक्ने छन् ।
४. विद्यालयहरुले पालिकामा जनप्रतिनिधि बाहेक अन्य विद्यालय व्यवस्थापन समिति अध्यक्ष, समाजसेवी, शिक्षाविद वा अन्य व्यक्तिहरुलाई प्रमुख विशिष्ट अतिथिको रुपमा बोलाएर कार्यक्रम सञ्चालन गर्ने कार्यलाई पालिकाले प्रशंसा र प्रोत्साहन गर्नेछ ।

**५ बार्षिकउत्सव कार्यक्रममा सञ्चालन सम्बन्धीः**

१. हरेक बार्षिकोत्सवको सञ्चालन शिक्षकको सहयोगमा विधार्थीहरुबाट गराउनु पर्नेछ ।
२. निर्धारित समय सम्म प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि अनुपस्थित भएमा पनि बार्षिकोत्वस कार्यक्रम निर्धारित समायमानै अगाडी बढाइनेछ ।
३. वक्ताको रुपमा अभिभावक १ जना, प्र.अ. १ जना (सम्बन्धीत विद्यालय) प्रमुख अतिथि/ विशिष्ट अतिथि १ जना र वि.व्य.स. अध्यक्ष १ जना (सम्बन्धीत विद्यालय) रहने छन ।
४. बुँदा नं. ३ मा उल्लेखित बाहेकका वक्ताहरु विधार्थीहरु स्वंय हुनेछन । साथै उक्त दिनका सवै कार्यक्रम विधार्थी केन्द्रित रहने छन ।
५. प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिहरुलाई विद्यालयले खाजा र चियापानमा खर्च गर्नुपर्ने छैन ।
६. प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत अतिथिहरुलाई अबीर टिका, फूलको गुच्छा, माला बाहेक खादा, व्याज, दोसल्ला प्रदान गरिने छैन ।
७. प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरुलाई मायाको चिनो प्रदान गरिने छैन । तर विधार्थीहरुले आफ्नो कुशलता, आफ्नै सीप प्रयोग गरेर बनाएका कुनै पनि आर्थीक भार नपर्ने गरी मौलिकता झल्किने कुनै सामाग्री मायाको चिनोको रुपमा प्रदान गर्न सक्ने छन् ।
८. अनावश्यक खर्च नगरी आफ्नो विद्यालयको क्षमता अनुसारको सभ्य सानो र मितव्ययी कार्यक्रम गर्नु पर्नेछ ।

**नोटः-** अनावश्यक खर्च कटौती गरी विद्यालयमा भएको श्रोतलाई विद्यालयको शौक्षिक गुणस्तर सुधार, विधार्थीहरुको क्षमता विकास, खानेपानी लयातका विषयमा खर्च गर्नु पर्नेछ ।